सुकुना माध्यमिक विद्यालय

सुन्दरहरैंचा, मोरङ

# शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी कार्यविधि-२०८१

**प्रस्तावना :**

सुकुना माध्यमिक विद्यालयमा बढ्दो विद्यार्थी सङ्ख्यालाई व्यवस्थित रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्न नेपाल सरकार र सुन्दरहरैंचा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा रहेका शिक्षक तथा कर्मचारीहरूबाट मात्र सेवा प्रवाह हुन नसक्ने भएकाले विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता प्रदान गर्ने गरी शिक्षक तथा कर्मचारीहरूको नियुक्ति, सेवा, सर्त र सुविधासम्बन्धी आन्तरिक कार्यविधि बनाई लागू गर्न वाञ्छनीय भएकाले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ र विद्यालय सञ्चालन नियमावली २०७६ को धारा ५५.१ बमोजिम सुकुना माध्यमिक विद्यालयले यो **शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी कार्यविधि-२०८१**' तर्जुमा गरेको छ । विद्यालय व्यवस्थापन समितिले स्वीकृत गरेपछि यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.१ **नाम र प्रारम्भ :**

(क) नाम : यस कार्यविधिको नाम '**शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी कार्यविधि-२०८१**' रहेको छ ।

(ख) प्रारम्भ : यो कार्यविधि विद्यालय व्यवस्थापन समितिको बैठकले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ ।

१.२ **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'शिक्षक' भन्नाले विद्यालयको आन्तरिक स्रोतमा कार्यरत शिक्षकलाई समेत सम्झनु पर्दछ ।

(ख) 'कर्मचारी' भन्नाले विद्यालय कर्मचारी भन्ने सम्झनु पर्दछ ।

(ग) 'वि. व्य. स.' भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(घ) 'अध्यक्ष' भन्नाले विद्यालय व्यवस्थापन समितिको बहालवाला अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) 'छनोट समिति' भन्नाले विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता पाउने गरी शिक्षक/कर्मचारी छनोट तथा सिफारिस गर्न विद्यालय व्यवस्थापन समितिले गठन गरेको **शिक्षक तथा कर्मचारी छनोट समिति**लाई सम्झनु पर्दछ ।

(च) 'प्र. अ.' भन्नाले यस विद्यालयका बहालवाला प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(छ) 'स.प्र.अ.' भन्नाले यस विद्यालयका बहालवाला सहायक प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(ज) 'विभागीय प्रमुख' भन्नाले यस विद्यालयमा कक्षा ११-१२ तर्फ तोकिएको कुनै विषयगत विभागको दैनिक पठनपाठन रेखदेख गर्नका लागि जिम्मेवारी पाएको शिक्षकलाई सम्झनु पर्दछ ।

(झ) 'शाखा प्रमुख' भन्नाले विद्यालयमा तोकिएको कुनै शाखा वा फाँटको मुख्य जिम्मेवारी पाएको शिक्षक वा कर्मचारीलाई सम्झनु पर्दछ ।

(ञ) 'संयोजक' भन्नाले विद्यालयमा पठनपाठनका अतिरिक्त अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन एवं व्यवस्थापन गर्न वा कुनै खास प्रयोजनार्थ बनेको समिति वा एकाइमा संयोजकको जिम्मेवारी पाएको शिक्षकलाई सम्झनु पर्दछ ।

(ट) 'सूचना अधिकारी' भन्नाले नेपाल सरकारको नीतिबमोजिम शिक्षा विकास तथा समन्वय एकाइको परिपत्रका आधारमा विद्यालयलले तोकेको स्थायी शिक्षकलाई सम्झनु पर्दछ ।

(ठ) 'इन्चार्ज' भन्नाले मा. वि. तह कक्षा ९-१० र सोभन्दा तल्लो तहमा तोकिएका कक्षाहरूको दैनिक पठनपाठन रेखदेख गर्न जिम्मेवारी पाएको सम्बन्धित तहका शिक्षक (तह प्रमुख) लाई सम्झनु पर्दछ ।

(ड) 'स्थानीय तह' भन्नाले सुन्दरहरैंचा नगरपालिका सम्झनु पर्दछ ।

(ढ) 'शिक्षा शाखा' भन्नाले सुन्दरहरैंचा नगरपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ ।

(ण) 'मा. वि.' भन्नाले कक्षा ९ देखि १२ सम्मको पठनपाठन हुने माध्यमिक विद्यालयलाई सम्झनु पर्दछ ।

(त) 'आ. वि.' भन्नाले कक्षा ८ सम्मको पठनपाठन हुने आधारभूत विद्यालयको तहलाई सम्झनु पर्दछ ।

(थ) 'मासिक आधारभूत तलब' भन्नाले पूर्णकालीन करार शिक्षक तथा कर्मचारीले मासिक रूपमा पाउने आधारभूत तलब स्केल तथा अंशकालीन शिक्षकले पिरियडका आधारमा प्राप्त गर्ने मासिक पारिश्रमिक रकमलाई सम्झनु पर्दछ ।

(द) 'भत्ता' भन्नाले तलबबाहेक विद्यालयले प्रदान गर्ने थप सुविधा सम्झनु पर्दछ ।

(ध) 'पूर्णकालीन करार' भन्नाले विद्यालयको आन्तरिक स्रोतबाट मासिक तलब भत्ता तथा सेवा सुविधा पाउने गरी विद्यालय व्यवस्थापन समितिले स्वीकृत गरेका समय सीमामा कार्यरत शिक्षक कर्मचारीलाई गराइने अस्थायी सर्तनामासम्झनु पर्दछ ।

(न) 'अंशकालीन करार' भन्नाले पिरियडका आधारमा पारिश्रमिक पाउने गरी तोकिएको कामकाज गर्ने शिक्षकलाई गराइने अस्थायी प्रकृतिको सर्तनामा सम्झनु पर्दछ ।

## परिच्छेद-२
## शिक्षकहरूको व्यवस्थापन, सेवा, सर्त र सुविधासम्बन्धी व्यवस्था

विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता तथा अन्य सेवा सुविधा पाउने गरी यसअघि नियुक्ति पाएका वा करार सेवामा कार्यरत एवं यो कार्यविधि लागू भएपछि सेवा प्रवेश गर्ने शिक्षकहरूलाई देहायबमोजिम व्यवस्थापन गरिनेछ ।

२.१ शिक्षक करार सेवालाई देहायबमोजिमको ५ तहमा वर्गीकरण गरिनेछ ।

(क) माध्यमिक तह-१ (कक्षा ११-१२)

(ख) माध्यमिक तह-२ (कक्षा ९-१०)

(ग) आधारभूत तह-१ (कक्षा ६-८)

(घ) आधारभूत तह-२ (कक्षा १-५)

(ङ) पूर्व प्राथमिक तह (बालविकास/नर्सरी/केजी)

२.२ शिक्षकहरूलाई देहायबमोजिम एक शैक्षिक वर्षका लागि तहगत करारको व्यवस्थापन गरिनेछ :

(१) पूर्णकालीन करार

(२) अंशकालीन करार

२.३ एक पिरियडको समय ५० मिनेट रहने र साप्ताहिक ३० पिरियड (दैनिक ५ पिरियड) अध्यापन गर्ने शिक्षकहरू र विद्यालय समयमा लगातार न्युनतम ६ घण्टा समय दिने शिक्षक पूर्णकालीन करार शिक्षकका रूपमा नियुक्त हुनेछन् । शिक्षण कार्यका अतिरिक्त आवश्यक परेको खण्डमा अतिरिक्त समय समेत उपलब्ध गराउनु पर्नेछ । अन्तर-सिफटमा अतिरिक्त कामकाज गर्नेगरी तोकिएका तर निर्धारित पिरियड र समय सीमा पूरा नभएका शिक्षकलाई अंशकालीन करार शिक्षकका रूपमा काम काजमा खटाइने छ ।

२.४ आन्तरिक करार सेवामा कार्यरत शिक्षकको तलबमान निम्नानुसार कायम हुनेछ :

(क) आन्तरिक पूर्णकालीन करार शिक्षकहरूको तह तोकी मासिक तलब भत्ता निर्धारण गरिनेछ । मासिक तलब निर्धारण गर्दा सम्बन्धित तहका लागि नेपाल सरकारले निर्धारण गरेको प्रचलित स्केलको एक तह मुनिको आधारभूत स्केल मात्र (भत्ता बाहेक) र आधारभूत तह (कक्षा १-५) तथा पूर्व प्राथमिक तह (बालविकास/नर्सरी/केजी) का लागि आधारभूत तहको तलबमानलाई ६ पिरियड मानी ५ पिरियडको रकम बराबर तलब स्केल हुनेछ । निर्धारित तलब स्केल कक्षा १० सम्म अध्यापन गर्ने शिक्षकहरूका हकमा २०८१ वैशाख महिनाको १ गते देखि र कक्षा ११ र १२ अध्यापन गर्ने शिक्षकहरूका हकमा २०८१ साउन महिनाको १ गतेदेखि लागू हुनेछ ।

(ख) दफा २.४ (क) मा भएको प्रावधानले कुनै विषय र विशेष समयका लागि विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम तलब स्केल कायम गरी करारमा शिक्षक खटाउन बाधा पर्ने छैन । आवश्यकता अनुसार अल्पकालीन र दैनिक ज्यालादारीमा पनि विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम ज्याला दिएर कामकाजमा शिक्षकहरू खटाउन सक्नेछ ।

(ग) तलब स्केल विद्यालयको आन्तरिक स्रोत र समय सुहाउँदो हुनेगरी विद्यालय व्यवस्थापन समितिले परिमार्जन गर्न सक्नेछ ।

(घ) साविक उच्च मा. वि. (१०+२) र अङ्ग्रेजी माध्यमका कक्षाहरूमा अन्तर-सिफटमा अतिरिक्त कामकाज गर्ने गरी अंशकालीन करारमा हालसम्म अविच्छिन्न रूपमा कार्यरत यस विद्यालयका स्थायी, अस्थायी वा राहत शिक्षकहरूलाई समेत शैक्षिक योग्यता, कार्यदक्षता, जेष्ठता र जिम्मेवारीका आधारमा तहगत अंशकालीन करार निरन्तरता दिइने छ । निजहरूको सेवासुविधा २.४ (क) बमोजिम पिरियडका आधारमा मासिक स्केल कायम गरी निर्धारण गरिने छ । अंश कालीन करारमा कामगर्ने अन्य शिक्षकहरूका हकमा २.४ (क) बमोजिम पूर्ण समय ६ कार्य घण्टी मानी लिएको कार्यघण्टी हिसाव गरी मासिक तलब कायम गरिने छ ।

(ङ) यो कार्यविधि प्रारम्भ भएपछि सुरुको पटकमा हुने आन्तरिक प्रतिस्पर्धा/मूल्याङ्कनमा सहभागी भई छनोटमा नपरेका तर दैनिक ५ पिरियड शिक्षण गर्ने अंशकालीन शिक्षकका रूपमा कम्तीमा १ शैक्षिक वर्ष पूरा गरेका सम्बन्धित तहका शिक्षकहरूलाई मासिक आधारभूत तलब पाउने गरी पूर्णकालीन करारमा नियुक्त गर्न सकिनेछ ।

(च) दफा २.४ (ङ) बमोजिम सम्बन्धित तहमा १ शैक्षिक वर्षका लागि करारमा नियुक्ति पाउने शिक्षकको करार अवधि थप १ वर्षको हुनेछ । करार अवधिमा निज शिक्षकको काम कारबाही सन्तोषजनक नभएको पाइएमा जुनसुकै बखत प्रधानाध्यापकले करार रद्घ गरी सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(छ) पूर्णकालीन करार दरबन्दी रिक्त भएमा वा विद्यालय व्यवस्थापन समितिले थप करार दरबन्दी सिर्जना गरेमा सम्बन्धित तहमा अविच्छिन्न रूपमा कम्तीमा २ शैक्षिक वर्ष पुरा गरेका अंशकालीन करार शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ । सो पदपूर्तिका लागि आवश्यक सङ्ख्यामा अंशकालीन करार शिक्षकहरू नभएको वा कम भएको अवस्थामा भने सम्बन्धित तह र विषयमा खुल्ला विज्ञापन गरी पदपूर्ति गरिने छ ।

(ज) नेपाल सरकारको जुनसुकै तहको स्थायी, अस्थायी करार वा राहत दरबन्दीमा नियुक्त यस विद्यालय बाहेकका शिक्षक तथा कर्मचारीहरूले अन्तर-सिफटमा अतिरिक्त कामकाज गर्न पाउने विभागीय स्वीकृति लिई आएमा विषयगत शैक्षिक योग्यता र क्षमताका आधारमा आवश्यक प्रक्रिया पुऱ्याई अंशकालीन करार सेवामा कामकाज लगाउन सकिनेछ । यस्ता शिक्षकहरूलाई पिरियडका आधारमा मासिक रूपमा २.४ (क) बमोजिम पूर्ण समय ६ कार्य घण्टी मानी लिएको कार्यघण्टी हिसाब गरी मासिक तलब कायम गरिने छ ।

२.५ कुनै तहमा करारमा नियुक्त शिक्षकले माथिल्लो वा तल्लो तहको कुनै कक्षामा शिक्षण गर्नु परेमा त्यसलाई आफ्नो कार्य घण्टाभित्रै परेको मानिने छ

२.६ दफा २.५ मा जे कुरा उल्लेख भएता पनि सम्बन्धित तहका लागि नेपाल सरकार, शिक्षक सेवा आयोगले तोकेको शैक्षिक योग्यता नपुगेका स्थायी, अस्थायी/राहत वा विद्यालय स्रोतबाट राखिएका जुनसुकै प्रकृतिका शिक्षक भए पनि निजले माथिल्लो तहको कक्षामा शिक्षण गर्न पाउने छैन ।

२.७ कुनै विषय शिक्षकले एउटै सिफटमा तोकिएको न्यूनतम ५ पिरियड वा कार्यघण्टी भन्दा बढी पिरियड अध्यापन गर्नुपर्ने अवस्थामा आएमा थपिएको पिरियडको अतिरिक्त पारिश्रमिक उपलब्ध गराइनेछ । यसो गर्दा थपिएको कार्यघन्टीको दैनिक रूपमा छुट्टै अभिलेख राखी अंशकालीन शिक्षकका लागि तोकिएको साप्ताहिक प्रति पिरियडका आधारमा थप पारिश्रमिक दिइनेछ । यस्तो पारिश्रमिक वा सुविधा पठनपाठन र परीक्षाअवधि बाहेक कक्षा सञ्चालन नभएका अन्य दिनको उपलब्ध हुने छैन ।

२.८ विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकहरूले हरेक वर्ष पोसाक भत्ता र चाडबाड खर्च देहायबमोजिम पाउने छन् :

(क) **पोसाक भत्ता :** न्युनतम १ वर्ष करार सेवा पुरा गरेका पूर्णकालीन करार र कम्तीमा दैनिक ३ पिरियड वा सोभन्दा बढी शिक्षण गर्ने अंशकालीन सबै तहका शिक्षकहरूलाई नेपाल सरकारले उपलब्ध गराउने पोसाक भत्ता रकमको ५० प्रतिसत रकम समान अनुपातमा वर्षको एक पटक दोहोरो नपर्ने गरी उपलब्ध गराइनेछ ।

(ख) **चाडबाड खर्च :** दफा २.२ को (१), (२) बमोजिमका सम्पूर्ण शिक्षकहरूलाई निजहरूले खाईपाई आएको मासिक आधारभूत तलबको कम्तीमा ३५ प्रतिशतले हुन आउने रकम दोहोरो नपर्ने गरी चाडबाड खर्चवापत दिइनेछ । शिक्षक/कर्मचारीहरूले पाउने पोसाक भत्ता र चाडबाड खर्च समयसापेक्ष हुने गरी विद्यालय व्यवस्थापन समितिले वृद्धि गर्न सक्नेछ ।

२.९ शिक्षकलाई प्रतिमहिना १ दिनको हिसावले बिरामी बिदा दिइनेछ । बिरामी बिदा पूर्णकालीन करार सुविधा पाउने शिक्षकहरूले मात्र पाउने छन् । तोकिएको भन्दा बढी बिदा बसेको खण्डमा निजको सोही महिनाको तलबबाट कट्टा गरिनेछ र यसरी जम्मा हुने रकम Proxy class लिन लगाइए वापत दिइने अतिरिक्त पारिश्रमिकमा खर्च गरिनेछ । कुनै शिक्षकले बिदा खर्च नगरी बचत गरेमा निजले खाईपाई

आएको आधारभूत मासिक तलबको आधारमा वार्षिक १२ दिन सम्मको एकमुष्ट रकम उपलब्ध गराइनेछ । किरिया बिदा, भइपरी आउने बिदा र पर्व बिदा नेपाल सरकारको तलबभत्ता खाने शिक्षक/कर्मचारीसोसरह यस कार्यविधिको दफा २.२ को (१) र (२) बमोजिमका सम्पूर्ण शिक्षकहरूले उपभोग गर्न पाउने छन् ।

२.१० पूर्णकालीन करार महिला शिक्षकका हकमा सेवा अवधिभरिमा २ पटकका लागि बढीमा ९८ दिनसम्म प्रसूती बिदाको व्यवस्था हुनेछ तर यसमा ५० दिनसम्मको मात्र तलबी बिदा दिइनेछ भने बाँकी अवधि बेतलबी हुनेछ । अंशकालीन शिक्षकका हकमा भने प्रसूती बिदाको सुविधा प्राप्त हुने छैन; विद्यालय व्यवस्थापन समितिले बेतलबी बिदा दिन सक्नेछ । पूर्णकालीन करार पुरुष शिक्षकले सेवा अवधिभरिमा २ पटकका लागि आवश्यकता हेरी बढीमा ५ दिन सम्ममात्र सुत्केरी स्याहार बिदा पाउन सक्नेछन् ।

२.११ पूर्णकालीन करारमा १५ वर्षभन्दा बढीअवधि अवच्छिन्न सेवा पूरा गरेका शिक्षकले सेवाबाट बिदा लिएमा वा अवकाश पाएमा निजलाई देहायबमोजिम हुने गरी एकमुष्ठ रकम औषधी उपचार खर्चवापत उपलब्ध गराइनेछ :

(क) पूर्व प्राथमिकदेखि आधारभूत तहसम्मका लागि : खाईपाई आएको मासिक तलबको ६ महिना बराबरको रकम ।

(ख) माध्यमिक तह (कक्षा ९-१२) का लागि : खाईपाई आएको मासिक तलबको ५ महिना बराबरको रकम ।

२.१२ पूर्णकालीन करार दरबन्दीमा नियुक्त भई करार अवधी थपभएका शिक्षकहरूलाई कम्तीमा १ वर्ष सेवा अवधि पूरा गरेपछिको साउन १ गतेदेखि लागू हुने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागी गराइनेछ ।

२.१३ पूर्णकालीन करारमा नियुक्त शिक्षकहरूको अन्य सेवा, सर्त तथा सुविधाहरू विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

२.१४ अंशकालीन करार शिक्षकसम्बन्धी थप व्यवस्था :

(क) माथि नियम २.३ मा व्यवस्था भएको भन्दा कम विषय/पिरियड अध्यापन गराउने शिक्षकहरूलाई अंशकालीन करार शिक्षकका रूपमा नियुक्ति दिइनेछ । तर, विशिष्ट परिस्थिति (अध्यापनरत कुनै शिक्षकलाई नै घन्टी थप्न उपयुक्त हुने अवस्था वा १-२ घन्टीका लागि अर्को शिक्षक व्यवस्थापन गर्नु पर्ने झन्जटिलो अवस्था) मा भने निश्चित समयावधि वा शैक्षिक सत्रका लागि यस्ता अंशकालीन करार शिक्षकले दैनिक ६ पिरियडसम्म अध्यापन गराउन सक्नेछन् । एकै सिफ्टमा ३ पिरियड वा सोभन्दा बढी शिक्षण गर्ने अंशकालीन शिक्षकहरूका हकमा लगातार घन्टी/पिरियडको व्यवस्था हुने छैन ।

(ख) अंशकालीन करार नियुक्ति पाई कुनै तहमा दैनिक ५ पिरियड अध्यापन गर्ने शिक्षकलाई कम्तीमा १ शैक्षिक वर्ष पूरा गरेपछि सम्बन्धित तहमा आधारभूत मासिक तलब पाउने गरी पूर्ण कालीन करारमा लान सकिनेछ । नियमित रूपमा दैनिक ५ पिरियड नपुगेका शिक्षकहरूलाई अंशकालीन पिरियडका आधारमा नै करार अवधि थप गर्न सकिनेछ । तर, विशिष्ट परिस्थिति भए कम्तीमा दैनिक ३ पिरियडसम्म शिक्षण गर्नेहरूमध्येबाटै २ शैक्षिक वर्ष पूरा गरेका शिक्षकहरूलाई पिरियड थप गरी कोर्स करारमा लान सकिने छ ।

(ग) विद्यालयमा कार्यरत शिक्षकहरूबाटै सम्बन्धित तहमा कुनै विषय र पिरियड अध्यापन गर्न मिल्ने अवस्था भएसम्म १-२ पिरियडका लागि मात्र अंशकालीन करारमा नयाँ शिक्षक नियुक्ति गरिने छैन ।

(घ) आधारभूत तहका तल्ला कक्षाहरू (कक्षा १-३) मा कम्तीमा ५ शैक्षिक वर्षसम्म निरन्तर अध्यापनरत शिक्षकहरूलाई माथिल्लो शैक्षिक योग्यता र कार्यअनुभवका आधारमा माथि उल्लेख भए पनि माथिल्ला कक्षाहरू वा एक तहमाथि (आधारभूत तह, ६-८) का कक्षाहरूमा अध्यापन गर्ने गरी व्यवस्थापन गरिने छ।

(ङ) अंशकालीन करार शिक्षकले आफूलाई दैनिक रूपमा तोकिएको जिम्मेवारी पूरा गरेपछि उक्त दिनको कार्यघण्टा सकिएको मानिने छ । तर, विशेष अवस्थामा प्र.अ./सहायक प्र.अ. वा सम्बन्धित विभागीय प्रमुख वा इन्चार्जले लगाएको काम भने अतिरिक्त समयमा भए पनि पूरा गर्नु पर्नेछ । यसका साथै विद्यालयमा सञ्चालित विविध कार्यक्रम तथा अतिरिक्त क्रियाकलापहरूमा तोकिएको जिम्मेवारी सक्रिययताका साथ पूरा गर्नु पर्नेछ ।

(च) पूर्णकालीन र अंशकालीन सबै शिक्षकले करार सम्झौतामा तोकिएको सर्तहरू पूर्ण रूपमा पालना गर्नु पर्नेछ । सामान्यतः शैक्षिक सत्र पूरा नगरी बिचमै छोड्न पाइने छैन । कुनै कारणले बिचैमा छोड्नु पर्ने अवस्था आएमा कम्तीमा १५ दिन अगावै प्रधानाध्यापकलाई औपचारिक रूपमा नै जानकारी गराउनु पर्नेछ ।

२.१५ पाठ्यक्रममा निर्दिष्ट विषयबाहेकका अन्य क्षेत्रसँग सम्बन्धित विषयहरूको शिक्षण तथा प्रशिक्षण गराउन आवश्यकता महसुस भएमा त्यस्ता क्षेत्रमा ख्याती कमाएका विज्ञ प्रशिक्षकहरू समेत नियुक्त गरी कामकाजमा लगाइने छ । खेल तथा शारिरिक अभ्यास प्रशिक्षक, गीत-सङ्गीत प्रशिक्षक, नृत्य प्रशिक्षक, मार्सल आर्ट प्रशिक्षक, अनुशासन परामर्शदाता र आवश्यकता बमोजिम अन्य सिपमूलक प्रशिक्षणका लागि प्रशिक्षकहरू नियुक्त गरिने छ । निजहरू पूर्णकालीन तथा अंशकालीन दुवै हुने छन् । निजहरूको तलब भत्तासम्बन्धी सुविधा आपसी समझदारीबाट निर्धारण गरिनेछ । तर, विद्यालयमा कार्यरत कुनै शिक्षकलाई निजको योग्यता, क्षमता र दक्षताका आधारमा यस प्रकारको विशेष जिम्मेवारी थप गरी कामकाजमा लगाउन बाधा पर्ने छैन ।

२.१६ विद्यालयको आन्तरिक स्रोतबाट नियुक्त शिक्षक तथा कर्मचारीहरूको बिरामी बिदा, प्रसूती बिदा, चाडबाड खर्च, औषधी उपचार खर्च, पोसाक भत्ता, प्रोत्साहन भत्ता, सञ्चय कोष, सामाजिक सुरक्षा कोषलाई व्यवस्थित गर्नका लागि विद्यालयले **आन्तरिक शिक्षक तथा कर्मचारी वृत्ति विकास कोष** खडा गर्नेछ र उक्त कोषमा विद्यालयले आफ्नो वार्षिक बजेटमा नै समावेश गरी हरेक वर्ष कम्तीमा ५ लाख रुपैयाँ रकम जम्मा गर्दै लैजाने छ । यस कोषको सञ्चालन र व्यवस्थापन लगायतका कार्यहरू विद्यालय व्यवस्थापन समितिले छुट्टै मापदण्ड बनाइ लागु गर्नेछ ।

## परिच्छेद-३
## विद्यालय कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी व्यवस्था

३.१ विद्यालयका प्रशासनिक फाँट तथा शाखाहरूमा आवश्यकताअनुसार कर्मचारीहरू नियुक्ति गरिनेछ । विद्यालयले आवश्यकताअनुसार कर्मचारीहरूको दरबन्दी थपघट गर्ने र अन्य सेवा, सर्त तथा सुविधा तोक्न सक्नेछ । सामान्यतया विद्यालयमा कर्मचारीहरूको दरबन्दी देहायबमोजिम रहनेछ :

| क्र.स. | पद | तह | सङ्ख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | रापअं तृतीय अधिकृत सरह | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक वा सोसरह (वाञ्छनीय योग्यता : स्नातकोत्तर तह) |
| २ | सूचना प्रविधि अधिकृत | रापअं तृतीय अधिकृत सरह | १ | कम्प्युटर इन्जिनियरिङमा स्नातक वा सोसरह (वाञ्छनीय योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह) |
| ३ | लेखा अधिकृत | रापअं तृतीय अधिकृत सरह | १ | व्यवस्थापन विषयमा कम्तीमा स्नातक वा सोसरह (वाञ्छनीय योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह) |
| ४ | अधिकृत, परीक्षा शाखा | रापअं तृतीय अधिकृत सरह | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक वा सोसरह (वाञ्छनीय योग्यता : स्नातकोत्तर तह) |
| | विद्यालय नर्स | ना.सु. सरह | १ | सम्बन्धित विषयमा डिप्लोमा वा सोसरह |
| ५ | विद्यालय नर्स | खरिदार सरह | १ | सम्बन्धित विषयमा टिएसएलसी वा सोसरह |
| ६ | लेखा सहायक | खरिदार सरह | २ | व्यवस्थापन विषयमा कम्तीमा कक्षा १२ उत्तीर्ण |
| ७ | प्रशासन तथा स्टोर सहायक | खरिदार सरह | १ | कुनै पनि विषयमा कम्तीमा कक्षा १२ उत्तीर्ण |
| ८ | लाइब्रेरियन सहायक | खरिदार सरह | १ | कुनै पनि विषयमा कम्तीमा कक्षा १२ उत्तीर्ण |
| ९ | विज्ञान, ल्याब असिस्टेन्ट | खरिदार सरह | १ | आइ.एस्सी.वा विज्ञान विषय समूहमा कक्षा १२ उत्तीर्ण |
| १० | सिभिल, ल्याब असिस्टेन्ट | खरिदार सरह | १ | सिभिल इन्जिनियरिङमा कक्षा १२ उत्तीर्ण वा सोसरह |
| ११ | परीक्षा सहायक | मुखिया सरह | १ | एसइइ उत्तीर्ण र सम्बन्धित विषयमा अनुभवी |
| १२ | रिसेप्सनिस्ट | मुखिया सरह | १ | एसइइ उत्तीर्ण र सम्बन्धित विषयमा अनुभवी |
| १३ | ल्याब बोइ | मुखिया सरह | १ | एसइइ उत्तीर्ण र सम्बन्धित विषयमा अनुभवी |
| १४ | कार्यालय सहायक | मुखिया सरह | १ | एसइइ उत्तीर्ण र सम्बन्धित विषयमा अनुभवी |
| १५ | कार्यालय सहयोगी | श्रेणीविहीन | ३ | कक्षा १० उत्तीर्ण |
| १७ | आया (केयर टेकर) | श्रेणीविहीन | २ | कक्षा १० उत्तीर्ण गरी र सम्बन्धित विषयमा अनुभवी |
| १८ | बस चालक | श्रेणीविहीन | ५ | कक्षा १० उत्तीर्ण गरी सवारी चालक अनुमतिपत्र प्राप्त |
| १९ | सहचालक/सहयोगी | श्रेणीविहीन | ५ | साक्षर |
| २० | पाले (सुरक्षा गार्ड) | श्रेणीविहीन | ४ | सम्बन्धित क्षेत्रमा तालिम प्राप्त एवं साक्षर |
| २१ | सफाइ कर्मचारी (स्वीपर) | श्रेणीविहीन | ६ | साक्षर |
| २२ | टहलुवा/माली | श्रेणीविहीन | २ | साक्षर |

३.२ सम्पूर्ण कर्मचारीहरूको कार्यघण्टा कम्तीमा ६ घण्टाको हुनेछ । कार्यालय समयको हकमा बिहानी सत्र र दिवा सत्र वा दुवै सत्रलाई सहज हुने गरी मिलान गरिनेछ ।

३.३ तोकिएको कार्य घण्टाभन्दा अतिरिक्त समय काम लगाएवापत अतिरिक्त पारिश्रमिकको व्यवस्था गरिनेछ। यसरी कामकाज लगाउने अधिकारीले अतिरिक्त समय (Over time) काम लगाएको उचित विवरण प्रमाणित गरी राख्नु पर्नेछ र यस वापतको पारिश्रमिक हिसाब गर्दा निज कर्मचारीको १ दिनको तलबलाई ६ ले भाग गरी आएको अङ्कले काम गरेको घण्टालाई गुणन गर्दा आउने रकम हुनेछ। यसरी पाउने पारिश्रमिकमा अतिरिक्त कर लाग्ने भए स्वयं कर्मचारीले बहन गर्नु पर्नेछ।

३.४ निजी स्रोतका सम्पूर्ण कर्मचारीहरूको करार अवधि सुरुमा १ वर्षको हुनेछ। उक्त अवधिमा सन्तोषजनक सेवा पाइएमा करार पुनः १ वर्षको थप गरिनेछ तर सेवा सन्तोषजनक नपाइएमा करार अवधि थप गरिने छैन। करार रद्द गर्ने अधिकार प्रधानाध्यापकको हुनेछ।

३.५ सेवा प्रवेश गरी २ वर्षको करार अवधि पूरा गरेपछि आउने श्रावण महिनादेखि दफा २.१२ बमोजिमका शिक्षकहरू सोसरह विद्यालय कर्मचारीहरूलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागी गराइनेछ।

३.६ एउटै सिफ्टमा कुनै कर्मचारीले तोकिएको आफ्नो कार्यबाहेक अतिरिक्त कार्य (शिक्षण लगायत अन्य कार्यहरू) मा संलग्न हुन पाउने छैन।

३.७ बिनापरिभाषा कुनै पनि शिक्षक वा कर्मचारीलाई अतिरिक्त तलब भत्ता खाने गरी कार्यालयमा कर्मचारीको रूपमा राखिने छैन।

३.८ करार सम्झौता गर्दा वा नियुक्ति हुँदाकै बखत प्रत्येक कर्मचारीलाई तोकिएको ढाँचामा कार्य विवरण (JD/TOR) दिइनेछ र कर्मचारीले सोहीबमोजिम जिम्मेवारी पूरा गर्नु पर्नेछ।

३.९ विद्यालय कर्मचारीहरूका लागि ग्रेड रकम, पोसाक भत्ता, चाडबाड खर्च, प्रोत्साहन भत्ता, विरामी बिदा, किरिया बिदा, भइपरी आउने बिदा, पर्व बिदा, प्रसूती बिदा र प्रसूती स्याहार बिदा विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने शिक्षकहरूको सोसरह व्यवस्था हुनेछ। तर, नेपाल सरकारको तलब भत्ता खाने कर्मचारीहरूको हकमा दोहोरो सुविधा प्राप्त हुने छैन। यस्ता कर्मचारीहरूले कार्यबोझका आधारमा विद्यालय स्रोतबाट पाउने अतिरिक्त पारिश्रमिक रकमलाई निजको मासिक तलब भत्तामा गाभी सोबमोजिमको कुनै पनि सेवा सुविधा दावी गर्न पाउने छैन।

३.१० विद्यालयमा सुरक्षा गार्डहरूको पोसाक सम्बन्धित कम्पनीले तोकेबमोजिमको, सफाइ कर्मचारीहरूको पोसाक विद्यालयले तोकेबमोजिमको र अन्य कर्मचारीहरूका हकमा नेपाल सरकारले शिक्षकहरूका लागि तोकेबमोजिमको हुनेछ।

३.११ करार सेवा २ वर्ष पूरा गरेपछिदेखि गणना गर्दा १५ वर्ष (करार अवधिबाहेक) भन्दा बढी सेवा गर्ने कुनै कर्मचारीले सेवाबाट बिदा लिएमा वा अवकाश पाएमा निजलाई देहायबमोजिम हुने गरी एकमुष्ठ रकम औषधीउपचार खर्चवापत उपलब्ध गराइनेछ :

(क) श्रेणीविहीन कर्मचारीहरूका हकमा : खाईपाई आएको मासिक तलबको ७ महिना बराबरको रकम।

(ख) मुखिया, खरिदार र ना.सु. सरहका लागि : खाईपाई आएको मासिक तलबको ६ महिना बराबरको रकम।

(ग) अधिकृत स्तरका लागि : खाईपाई आएको मासिक तलबको ५ महिना बराबरको रकम।

३.१२ तोकिएको कार्यघन्टाभन्दा कम समय कामकाज गर्ने गरी कुनै व्यक्तिलाई सेवा करार गर्नु परेमा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ। यस्ता कर्मचारीलाई मासिक तलब भत्ता पाउने कर्मचारीहरू सोसरहको कुनै पनि सेवा सुविधा प्राप्त हुने छैन।

३.१३ प्रशासन, लेखा, सूचना प्रविधि र परीक्षा शाखाका तोकिएका कर्मचारीहरूले हिउँदे तथा बर्खे बिदा उपभोग गर्न नपाउने अवस्था भएमा निजहरूलाई १ महिना बराबरको घर बिदा रकम थप गरी दिइनेछ।

३.१४ सुरक्षा सेवा उपलब्ध गराउने कम्पनीसँग सम्झौता गरी काममा लगाइएका कर्मचारीहरूको हकमा सम्झौता बमोजिमको सेवा सुविधा मात्र उपलब्ध हुनेछ। निजहरूलाई विद्यालयबाट कुनै किसिमको थप सेवा सुविधा उपलब्ध गराउनु परेमा वि. व्य. स. ले तोकेबमोजिम हुनेछ।

३.१५ विद्यालय शिक्षक तथा कर्मचारीहरूको अन्य सेवा, सर्त र सुविधाहरू समयसापेक्ष हुनेगरी वि. व्य. स. ले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-४
## शिक्षक तथा कर्मचारीहरूको नियुक्ति, पदोन्नति र सजायसम्बन्धी व्यवस्था

विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता तथा अन्य सेवा सुविधा पाउने गरी शिक्षक/कर्मचारीको नियुक्ति गर्दा देहायका प्रक्रियाहरू पूरा गरिनेछ :

४.१ विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्त गर्नु पर्ने मनासिब कारणसहित प्रधानाध्यापकले आवश्यक तहगत करार दरबन्दी र सङ्ख्या उल्लेख गरी वि. व्य. स. को बैठकमा प्रस्ताव पेस गर्नेछ।

४.२ दफा ४.१ बमोजिम प्रधानाध्यापकले पेस गरेको प्रस्ताव विद्यालय व्यवस्थापन समितिले उचित ठहराएमा तह, आवश्यक सङ्ख्या, सेवा, सर्त र मापदण्डहरू समेत स्पष्ट रूपमा तोकी दरबन्दी स्वीकृत गर्नेछ।

४.३ यसरी स्वीकृत आन्तरिक दरबन्दीमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न प्रचलित मापदण्डअनुसार छनोटका आधारहरू तोकी विद्यालय प्रशासनले विज्ञापन गर्नेछ।

४.४ शिक्षकहरूको तहगत आवश्यक शैक्षिक योग्यता, तालिम र छनोटका लागि पाठ्यक्रम तथा परीक्षा प्रणाली नेपाल सरकार, शिक्षक सेवा आयोगको मापदण्डअनुसार हुनेछ। तर, विद्यालयको आवश्यकता र विशिष्टतालाई हेरी उमेदवारको वाञ्छनीय शैक्षिक योग्यता र कार्य अनुभव समेत थप गरी विज्ञापन गर्न र सोहीबमोजिम छनोटको मापदण्ड बनाउन सकिनेछ।

४.५ अंशकालीन करार शिक्षकहरू मध्येबाट आन्तरिक प्रतिस्पर्धाद्वारा पूर्णकालीन दरबन्दीमा पदपूर्ति गर्नु पर्ने अवस्थामा भने व्यवस्थापन समितिले तोकेबमोजिम छनोटका मापदण्डहरू निर्धारण गर्नेछ।

४.६ कुनै तहको विषयगत पूर्णकालीन दरबन्दीमा अंशकालीन करार शिक्षकहरू मध्येबाट आन्तरिक प्रतिस्पर्धाद्वारा पदपूर्ति हुन नसक्ने वा नमिल्ने कुनै अवस्था भएमा खुल्ला विज्ञापनद्वारा शिक्षक पदपूर्ति गरिनेछ। तर, सम्बन्धित विषयमा अनुभवी वा यसै विद्यालयमा कार्यरत अंशकालीन शिक्षकहरूलाई ग्राह्यता दिइनेछ।

४.७ शिक्षक तथा कर्मचारी छनोट गरी पदपूर्तिका लागि सिफारिस गर्न विद्यालय व्यवस्थापन समितिले देहायबमोजिमको 'छनोट समिति' गठन गर्ने छ :

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको वि.व्य.स.का कुनै सदस्य – अध्यक्ष

(ख) वि.व्य.स. ले तोकेको सम्बन्धित विषय विज्ञ – सदस्य

(ग) प्रधानाध्यापक वा निजले तोकेको उच्चतम शैक्षिक योग्यता प्राप्त मा. वि. स्थायी शिक्षक – सदस्य सचिव

४.८ दफा ४.७ बमोजिमको छनोट समितिले सिफारिस गरेका व्यक्तिलाई प्रधानाध्यापकले सुरुमा १ वर्षको करार सम्झौता गराउनेछ। करार अविधिभर त्यस्ता शिक्षक/कर्मचारीको सेवा सन्तोषजनक नभएमा प्रधानाध्यापकले जुनसुकै अवस्थामा करार रद्ध गर्न सक्नेछ। करार अवधि १ वर्ष नपुग्दै रद्ध भएको भए वा निज शिक्षक/कर्मचारी स्वयंले राजिनामा दिएको भए वैकल्पिक सूचीमा रहेका व्यक्तिलाई आवश्यक प्रक्रिया पुर्‍याई कामकाजमा लगाउन सकिनेछ।

४.९ कुनै तहमा तत्काल कुनै विषय शिक्षकको अभाव परी पठनपाठनमा [illegible] समस्या आउने अवस्था भएमा छोटो अवधि (बढीमा ३ महिना) समयका लागि प्रधानाध्यापकले [illegible] आधारमा त्यस्ता विषय शिक्षकको व्यवस्थापन गर्न सक्नेछ । तर, ३ महिनाभन्दा बढी अवधि कामकाज गराउनु पर्ने भएमा आवश्यक प्रक्रिया पूरा गरी अंशकालीन करारमा नियुक्ति दिइनेछ ।

४.१० शिक्षक/कर्मचारीहरूका लागि पदोन्नति, दण्ड सजाय, पुरस्कार तथा सम्मानको व्यवस्था :

विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरू देहायका अवस्थामा दण्ड सजायको भागिदार हुनेछन् :

(क) आफूले गर्नुपर्ने कामकाजमा लापर्वाही गरेमा,

(ख) जानी वा नजानी विद्यालयको चल/अचल सम्पत्तिको हानी नोक्सानी गरेमा,

(ग) नैतिक पतन हुने कामकाज गरेमा,

(घ) प्रचलित शिक्षा ऐन तथा नियमावलीअनुसार दण्डित हुने काम गरेमा,

४.११ कुनै पनि शिक्षक/कर्मचारीलाई दण्ड सजाय दिनुअघि सफाइको पर्याप्त मौका दिइनेछ । सफाइका लागि निजमाथि लागेको आरोप र सजाय स्पष्ट रूपले किटान गरी बढीमा ७ दिनको म्याद दिई स्पष्टीकरण सोधिनेछ ।

(क) स्पष्टीकरण ३ पटकसम्म पेस गर्ने मौका दिइनेछ (पहिलो पटक बढीमा ७ दिनभित्र, दोस्रोपटक ३ दिनभित्र र तेस्रोपटक २४ घण्टाभित्र) ।

(ख) उपर्युक्तबमोजिम स्पष्टीकरण पेस नगरेमा वा पेस गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजायको निमित्त कारबाही अगाडि बढाइनेछ ।

तर, करार अवधि पूरा नभएका शिक्षक वा कर्मचारीलाई नियम ४.११ बमोजिमको प्रक्रिया अपनाइरहनु पर्ने छैन; प्रधानाध्यापकले करार स्वतः रद्द गरी सेवामुक्त गर्न सक्नेछन् ।

४.१२ सजायसम्बन्धी कार्यविधि :

(क) शिक्षक वा कर्मचारीले माथि उल्लेख गरेका नियमहरूको बर्खिलाप गरेमा सर्वप्रथम प्रधानाध्यापकले कारबाहीको प्रारम्भ गर्नेछ ।

(ख) प्रधानाध्यापकले उपयुक्त ठानेबमोजिमको सजायका निमित्त विद्यालय व्यवस्थापन समितिमा सबै विवरण खोली प्रतिवेदन पेस गर्नेछ ।

(ग) विद्यालय व्यवस्थापन समितिले प्रतिवेदन अध्ययन गरी आवश्यक सजायको निर्णय गर्नेछ ।

(घ) व्यवस्थापन समितिले गरेको निर्णयको कार्यान्वयन प्रधानाध्यापकले गर्नु पर्नेछ ।

४.१३ पदोन्नति तथा पुरस्कारसम्बन्धी व्यवस्था :

(क) विद्यालयको आन्तरिक दरबन्दीमा कार्यरत शिक्षक/कर्मचारीको पदोन्नति तथा बढुवा वि. व्य. स. ले तोकेको कार्य सम्पादन मुल्याङ्कनका आधारमा छनोट समितिको सिफारिसबमोजिम हुनेछ । तर, पूर्णकालीन दरबन्दीमा नियुक्ति भई कम्तीमा ५ शैक्षिक वर्ष पूरा नगरेका शिक्षक र २ बर्से करार अवधिबाहेक नियमित सेवा ५ वर्ष नपुगेका कर्मचारीहरू पदोन्नति तथा बढुवा प्रक्रियामा सामेल हुन पाउने छैनन् ।

(ख) विद्यालयमा आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी श्रेणीविहीन पदमा १५ वर्ष सेवा अवधि पूरा भएको र कम्तीमा कक्षा १० उत्तीर्ण गरेको भए त्यस्ता कर्मचारीहरूलाई एक पटकका लागि स्वतः एक तह पदोन्नति गर्न सकिनेछ ।

(ग) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई पुरस्कृत गर्नका लागि प्रधानाध्यापकले निज शिक्षक/कर्मचारीको प्रोफायल, कार्य सम्पादन तथा सिकाइ उपलब्धि, अतिरिक्त कामको जिम्मेवारी, विद्यालयको उन्नयन र विकासमा पुऱ्याएको योगदान, विद्यालय समुदायबिच निर्वाह गरेको सकारात्मक

भूमिकालाई आधारमानी वार्षिक रूपमा कम्तीमा १ जना शिक्षक/कर्मचारीको नाम वि.व्य.स. समक्ष सिफारिस गर्नेछ र वि.व्य.स. को निर्णयअनुसार विद्यालयको वार्षिकोत्सवको अवसरमा पुरस्कृत गर्न सकिनेछ ।

(घ) आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक/कर्मचारीहरूको पदोन्नति तथा बढुवा र सम्मान एवं पुरस्कारका लागि आवश्यक पर्ने कार्य सम्पादन मुल्याङ्कनका आधार तथा छनोटका मापदण्डहरू विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-५
## विभाग, तह, एकाइ, शाखा वा फाँटको जिम्मेवारीसम्बन्धी व्यवस्था

५.१ विद्यालयको शैक्षिक प्रशासनिक कामकाजमा प्रधानाध्यापकलाई सहयोग पुर्‍याउन सहायक प्र. अ. र देहायबमोजिम विषयगत विभागीय प्रमुख र तहगत इन्चार्जहरूको व्यवस्था गरिने छ :

(क) विद्यालयमा कक्षा ११-१२ तर्फ देहायबमोजिमको विषयगत विभागहरू रहने गरी प्रत्येक विभागको दैनिक पठनपाठन रेखदेख गर्न विभागीय प्रमुखहरूको व्यवस्था गरिनेछ ।

(१) माध्यमिक तह (कक्षा ११-१२), विज्ञान विभाग : विभागीय प्रमुख

(२) माध्यमिक तह (कक्षा ९-१२), इन्जिनियरिङ विभाग : विभागीय प्रमुख

(३) माध्यमिक तह (कक्षा ११-१२) व्यवस्थापन, कानुन र शिक्षा विभाग : विभागीय प्रमुख

(ख) विषयगत विभागीय प्रमुखहरूले प्रधानाध्यापकको स्वीकृति लिई कार्य सम्पादन गर्नेछन् ।

(ग) व्यवस्थापन, कानुन र शिक्षा विभागतर्फ विद्यार्थी सङ्ख्या र विषयगत समूहका आधारमा फोकल पर्सन वा इन्चार्जहरूको व्यवस्था गर्न वा कानुन र शिक्षा विषयका लागि छुट्टै विभाग सञ्चालन गर्न समेत सकिनेछ ।

५.२ तहगत जिम्मेवारीका लागि तह प्रमुख/इन्चार्जहरूको व्यवस्था :
माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह (बालविकास/नर्सरीदेखि कक्षा ८ सम्म) को दैनिक पठनपाठन रेखदेखका लागि देहायबमोजिमको तह प्रमुखहरूको व्यवस्था गरिनेछ ।

(क) माध्यमिक तह, साधारण धार (कक्षा ९-१०) :

(१) नेपाली माध्यम (कक्षा ९-१०) : तह प्रमुख/इन्चार्ज

(२) अङ्ग्रेजी माध्यम (कक्षा ९-१०) : तह प्रमुख/इन्चार्ज

(ख) आधारभूत तह (कक्षा ६-८) :

(१) नेपाली माध्यम (बालविकास – कक्षा ८) : तह प्रमुख/इन्चार्ज

(२) अङ्ग्रेजी माध्यम (कक्षा ६-८) : तह प्रमुख/इन्चार्ज

(३) अङ्ग्रेजी माध्यम (नर्सरी – कक्षा ५ सम्म) : तह प्रमुख/इन्चार्ज

५.३ सम्बन्धित तहमा नेपाल सरकारका स्थायी शिक्षक भए परीक्षण काल सकिएपछि, अस्थायी/राहत वा अनुदान कोटाको भए ३ शैक्षिक वर्ष र विद्यालयको आन्तरिक पूर्णकालीन दरबन्दीमा नियुक्ति पाएको भए कम्तीमा ५ शैक्षिक वर्ष पूरा गरेका शिक्षकहरूलाई मात्र विभागीय प्रमुख र तह प्रमुख (इन्चार्ज) का

रूपमा जिम्मेवारी दिइनेछ । तर, सम्बन्धित तहमा शिक्षण गर्न शैक्षिक योग्यता नपुगेको कुनै पनि शिक्षकलाई सो तहको प्रमुख वा इन्चार्जको जिम्मेवारी दिइने छैन ।

५.४ खुल्ला विद्यालय (NAS), विद्यालय स्वास्थ्य इकाइ, सूचना तथा प्रविधि आदि कार्यक्रमहरूलाई व्यवस्थित गर्नका लागि विद्यालयमा देहायबमोजिमका शाखाहरू रहनेछन् :

(क) खुल्ला विद्यालय (NAS) शाखा : संयोजक/शाखा प्रमुखको जिम्मेवारी दिन सकिने ।

(ख) विद्यालय स्वास्थ्य इकाइ : प्र.अ.ले तोकेको स्वास्थ्य शारीरिक/विज्ञान विषयका मा. वि. शिक्षक संयोजक रहने व्यवस्था ।

(ग) सूचना तथा प्रविधि शाखा : विद्यालयको आन्तरिक दरबन्दीमा सूचना तथा प्रविधि अधिकृत कर्मचारी रहने र त्यसमा शिक्षक स्टाफ बैठकद्वारा मा. वि. स्थायी शिक्षकहरू मध्येबाट छनोट भएको **सूचना अधिकारी** उक्त शाखाको समेत प्रमुख हुने ।

५.५ विद्यालयमा परीक्षा शाखा, लेखा शाखा, प्रशासन शाखा, जिन्सी तथा स्टोर, पुस्तकालय आदि विभिन्न शाखाहरूको समेत व्यवस्थापन गरिनेछ । परीक्षा शाखामा प्राविधिक कार्यको संयोजनका लागि मा. वि. तहका एकजना शिक्षकलाई शाखा प्रमुख/संयोजकको जिम्मेवारी दिइनेछ भने अधिकृत तहका कर्मचारीले शाखाका सम्पूर्ण कामकाजहरूको जिम्मेवारी लिनेछन् । लेखा शाखामा लेखा अधिकृत/लेखापाल, जिन्सी तथा स्टोर शाखामा स्टोर सहायक र पुस्तकालयमा पुस्तकालय सहायकले आआफ्नो शाखाका कामकाज सम्पादन गर्नेछन् ।

५.६ विद्यालयको सबै शाखा वा फाँट तथा विभागअन्तर्गतका कर्मचारीहरूलाई समन्वय गरी दैनिक प्रशासनिक कार्यमा प्रधानाध्यापकलाई सहयोग पुऱ्याउने प्रमुख जिम्मेवारी प्रशासकीय अधिकृतको हुनेछ ।

५.७ विभागीय प्रमुखहरू, इन्चार्ज वा तह प्रमुखहरू तथा शाखा वा फाँटका संयोजकहरूको जिम्मेवारी आवधिक प्रकृतिको (बढीमा ४ वर्ष) हुनेछ । निजहरूले सम्पादन गरेको कार्यका आधारमा जिम्मेवारी पुनः थप गर्न सकिनेछ । तर, तोकिएको जिम्मेवारी सन्तोषजनक नभएमा प्रधानाध्यापकले जुनसुकै बखत जिम्मेवारीबाट मुक्त गर्नेछ ।

५.८ विभागीय प्रमुख तथा इन्चार्जहरू, खुल्ला विद्यालय (NAS) शाखा प्रमुख/संयोजक, सूचना अधिकारी, विद्यालय स्वास्थ्य एकाइ संयोजक, परीक्षा शाखा प्रमुख/संयोजक, शैक्षिक अनुसन्धान एकाइ प्रमुखलाई अतिरिक्त जिम्मेवारी वहन गरेवापत विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिमको भत्ता सुविधा उपलब्ध गराउनेछ । तर, एउटै व्यक्तिलाई कुनै विभाग वा तह, एकाइ, शाखा वा कुनै समितिको थप दोहोरो जिम्मेवारी दिइएको भए तापनि एकातर्फको मात्र भत्ता सुविधा प्राप्त हुनेछ ।

५.९ विद्यालयमा सञ्चालित विशेष कक्षा (सुस्त श्रवण र बौद्धिक अपाङ्गता), विद्यालय बस सेवा, नेपाल स्काउट सुकुना ट्रुप, राष्ट्रिय सेवा दल, युवा रेडक्रस सर्कल आदि कार्यक्रमहरूको रेखदेख तथा व्यवस्थापनका लागि जिम्मेवारी तोकिएका शिक्षकहरूलाई समेत तोकिएबमोजिम अतिरिक्त भत्ता उपलब्ध गराउन सकिनेछ ।

५.१० सम्बन्धित शाखा वा फाँटकै जिम्मेवारी लिई कामकाज गर्ने गरी विज्ञापन प्रक्रियाद्वारा नियुक्ति पाएका कुनै पनि कर्मचारीले शाखा वा फाँटको प्रमुखका हैसियतले माथि दफा ५.८ र ५.९ बमोजिमको सेवा सुविधा पाउने छैन ।

५.११ विद्यालयको काम विशेषले छुट्टी तथा पर्व बिदा उपभोग गर्न नपाएको अवस्थामा प्र. अ., सहायक प्र. अ. र कुनै विभाग, एकाइ वा शाखाका प्रमुख तथा कर्मचारीहरूले समेत कार्यदिन गणना गरी खाईपाई आएको मासिक आधारभूत तलब स्केलका आधारमा प्रचलित नियमानुसार उक्त बिदा बापतको रकम पाउनेछन् ।

५.१२ माथि दफा ५.११ बमोजिम खटिएका वा खटाइएका सहायक प्र. अ., कर्मचारीहरू, विभाग, एकाइ वा शाखा प्रमुखहरूको कामकाज र हाजिरी प्रधानाध्यापकले अद्यावधिक रूपमा प्रमाणित गरेर मात्र घर बिदा बापतको रकम उपलब्ध गराउनु पर्नेछ ।

५.१३ शिक्षण सिकाइलाई खोज अनुसन्धानमूलक बनाउनका लागि विद्यालयले 'शैक्षिक अनुसन्धान एकाइ' (Educational Research Cell) को समेत स्थापना गर्नेछ । यसका साथै विषय शिक्षकहरूलाई सङ्गठित गरी विषयगत समितिहरूको निर्माण गर्न सक्नेछ । यस्ता समितिहरूमा जिम्मेवारी लिएर कामकाज गर्ने शिक्षकहरूलाई समेत कार्यबोझका आधारमा तोकिएबमोजिम अतिरिक्त भत्ता सुविधा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-६
## अवकाश तथा सेवामुक्त हुने व्यवस्था

६.१ विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खान पाउने गरी नियुक्त शिक्षक कर्मचारीहरू देहायको अवस्थामा अवकाश तथा सेवामुक्त हुनेछन् :

(क) शिक्षक तथा कर्मचारीले लिखित रूपमा दिएको राजीनामा स्वीकृत भएमा,

(ख) नेपाल सरकारको दरबन्दीमा कार्यरत शिक्षक/कर्मचारी सोसरह ६० वर्ष उमेर हद नाघेमा,

(ग) निजको करार अवधि थप नगरिएमा,

(घ) शिक्षा ऐन तथा नियमावलीबमोजिम निजलाई बरखास्त गर्नु पर्ने मनासिब अवस्था देखिएमा,

(ङ) विद्यार्थी सङ्ख्या घट्दै जाने क्रममा सम्बन्धित विषय शिक्षक तथा कर्मचारी सङ्ख्या समेत कटौती गर्नु पर्ने अवस्था सिर्जना भएमा,

(च) सम्बन्धित नियामक निकाय, विभाग, इकाइ वा शाखाबाट जारी गरिएका नीति निर्देशन वा परिपत्रको कार्यान्वयन अनिवार्य रूपमा गर्नु परेमा,

(छ) विद्यालयको आन्तरिक कोष वृद्धिमा गम्भीर आर्थिक सङ्कट देखा परेमा ।

६.२ माथि दफा ६.१ (ङ), (च) र (छ) बमोजिम शिक्षक तथा कर्मचारीहरूले अवकाश वा सेवामुक्त हुने अवस्था आएमा सेवा प्रवेशको पछिल्लो मितिका आधारमा क्रमशः अवकाश वा सेवामुक्त हुनेछन् ।

६.३ यसरी अवकाश वा सेवामुक्त हुने शिक्षक तथा कर्मचारीलाई विद्यालयले कम्तीमा १ महिनाअगावै जानकारी गराउनेछ ।

६.४ माथि उल्लिखित व्यवस्थाबाहेकको अवस्थामा शिक्षक तथा कर्मचारीलाई अवकाश वा सेवामुक्त गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरेबमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

११ व्याख्या, संशोधन, बचाउ तथा खारेजीसम्बन्धी व्यवस्था :

(क) यस कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार विद्यालय व्यवस्थापन समितिमा मात्र रहने छ।

(ख) यस कार्यविधि समयानुकूल संशोधन गर्नुपर्ने भएमा विद्यालय व्यवस्थापन समितिले संशोधन गर्न सक्नेछ।

(ग) यो कार्यविधि लागू हुनुअघि विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता तथा सेवा सुविधा पाउने गरी नियुक्ति पाएका वा करार सम्झौता भएका शिक्षक कर्मचारीहरूको सेवा, सर्त र सुविधा यसै कार्यविधिअनुसार भए गरेको मानिनेछ।

(घ) यस कार्यविधिमा लेखिएका कुराहरू शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोग नियमावली र नेपाल सरकारको प्रचलित कानुन, ऐन नियम तथा नीति निर्देशिकाहरूसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

– समाप्त –

यो शिक्षक तथा कर्मचारीहरुको सेवा, सर्त सुविधासम्बन्धी कार्यविधि-२०७९ मिति ०७९।१२।१०को वि.व्य.स. बैठकबाट पारित भई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइयो।